# ‘ट्रेड स्वाप’मार्फत व्यापार सहायता परिचालन

गुञ्जबहादुर खड्का | December 31, 2012 | Views: 4

पुस १५, काठमाडौं । सरकारले व्यापारका लागि सहायता रकम र आन्तरिक स्रोत लाई ट्रेड स्वाप (क्षेत्रव्यापी पद्धति)मार्फत परिचालन गर्ने भएको छ । सहायता रकम र आन्तरिक स्रोतलाई परिणाममुखी बनाउन वाणिज्य तथा आपूर्ति मन्त्रालयले ‘ट्रेड स्वाप’को अवधारणा ल्याएको हो । अवधारणाअनुसार दातृनिकायले उपलब्ध गराएको सहयोग रकमलाई सरकारले तोकिएको क्षेत्रमा प्राथमिकता क्रमअनुसार खर्च गर्नसक्छ । व्यापार प्रवर्धन मा आउने सहायता रकम छताछुल्ल भइरहेको अवस्थामा ट्रेड स्वापको अवधारणा राम्रो विकल्प भएको व्यापारविज्ञ डा. रत्नाकर अधिकारीको भनाइ छ ।

यो अवधारणा कम्बोडियामा सफल भइसकेको छ । ट्रेड स्वापको प्रारम्भिक मस्यौदा तयार भइसकेको वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तोयनारायण ज्ञवालीले अभियानलाई बताए । ‘ट्रेड स्वाप प्रभावकारी बनाउन कार्यान्वयनको मोडालिटीलाई आगामी ४ महीनाभित्र अन्तिम रूप दिन्छौं’ उनले भने ‘ट्रेड स्वाप कार्यान्वयनमा आएसँगै व्यापार प्रवर्धनका क्षेत्रमा अन्तरराष्ट्रिय लगानीसमेत बढ्नेछ ।’ हाल नेपालको व्यापार प्रवर्धनमा विश्व बैङ्क, विश्व व्यापार सङ्गठन, एशियाली विकास बैङ्क, फिनल्याण्ड, डेनमार्क तथा स्वीस सरकारले सहयोग गरिरहेका छन् ।

व्यापार प्रवर्धनका क्षेत्रमा हुने लगानीलाई क्षेत्रगत रूपमा परिचालन गर्दा धेरै वस्तु तथा सेवाले फाइदा लिन सक्ने डा.अधिकारीको भनाइ छ । अहिले दातृनिकायले व्यापारका लागि सहायता रकम थोकमा उपलब्ध गराएकाले समेत यो कदम प्रभावकारी बन्नसक्ने उनले बताए । आन्तरिक स्रोतको प्रभावकारी परिचालनका लागि समेत यो अवधारणा सहयोगी बन्ने नेक ट्रेड (नेपाल इन्हान्स्ड क्यापासिटिज फर ट्रेड एण्ड डेभलपमेण्ट)का परियोजना अधिकृत बुद्धिप्रसाद उपाध्याय बताउँछन् ।

नेक ट्रेड निर्यात योग्य वस्तु तथा सेवाको प्रभावकारी कार्यान्वयन गर्न वाणिज्य मन्त्रालयअन्तर्गत सञ्चालन भएको परियोजना हो । मन्त्रालयले निरन्तर बढिरहेको व्यापारघाटा कम गरी निर्यात व्यापारलाई कम्तीमा १ खर्ब पुर्‍याउने उद्देश्यसहित सो अवधारणा ल्याएको बताएको छ । ट्रेड स्वापको सफल कार्यान्वयनका लागि विभिन्न वस्तुगत सङ्घसँगको छलफललाई प्राथमिकता दिएको ज्ञवालीले जानकारी दिए ।

लगानीलाई क्षेत्रगत रूपमा छुट्याउँदा पारदर्शी तथा परिणाममुखी बन्नसक्ने नेपाल पश्मिना उद्योग सङ्घका अध्यक्ष पुष्पमान श्रेष्ठ बताउँछन् । ‘कतिपय अवस्थामा एउटा परियोजनका लागि आएको रकम अर्को परियोजनामा समेत खर्च भएको देखिन्छ,’ उनले भने, ‘ट्रेड स्वाप कार्यान्वयनमा आउँदा यस्तो अवस्थामा निकै सुधार आउँछ ।’ ट्रेड स्वाप कार्यान्वयन भएमा एकीकृत व्यापार रणनीतिले पहिचान गरेका वस्तु तथा सेवाको प्रवर्धन मा प्राप्त रकमको प्रभावकारिता बढ्ने उनको भनाइ छ ।